# खप्तडछान्ना गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

## छान्ना बझाङ्ग

# जे सि वि सचालन लक बुक

खप्तडछान्ना गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

छान्ना,बझाङ्ग

# जे सि वि संचालन तथा व्यवस्थापनगर्ने सम्बन्धी कार्यविधि, २०७५

# पहिलो संशोधन २०८०

संशोधन मिति २०८०।०२।०२

**प्रश्तावना**

सडक यातायातको सुविधाबाट बन्चित छान्नाका जनताको भावना अनुरुप सुविधा पुयाउने लक्ष्य अनुरुप खप्तडछान्ना गाँउपालिकाको निर्णय बमोजिम खप्तडछान्ना गाँउपालिकाको लगानीमा खरिद गरीएको जे से वि संचालनमा ल्याउने सन्दर्भमा यसको ब्यवस्थित संचालन,ब्यवस्थापन र दिगोपनमा छुट्टै कानुनी ब्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय स्वायत्त शासन नियमावली २०५६को नियम २७५ ले अधिकार प्रयोग गरी खप्तडछान्ना गाँउ सभाले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "खप्तडछान्नागाउँपालिकामाजे सि वि संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "जे सि वि " भन्नाले खप्तडछान्ना गाँउपालिकाले खरिद गरेको जे सि वि लाई जनाउँछ ।

ख. "नियमावली" भन्नाले “स्थानीय स्वायत्त शासन नियमावली, २०७६” सम्झनु पर्दछ ।

ग. "सभा" भन्नाले “खप्तडछान्नागाउँपालिकाको गाँउसभा लाई जनाउछ ।

घ. "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालयसम्झनु पर्दछ ।

ङ. "कर्मचारी" भन्नाले खप्तडछान्ना गाँउपालिकाको कार्यालयमा कार्यरत स्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ ।यस शब्दले जे सि वि संचालनमा संलग्न अपरेटर तथा हेल्पर समेतलाई जनाउँछ ।

च. "तोकिएको" वा "तोकिए बमोजिम"भन्नाले खप्तडछान्ना गाँउकार्यपालिकाको बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद दुई – जे सि वि संचालन सम्वन्धी ब्यवस्था

**३. उद्देश्वय –** यस कार्यविधिको प्रमुख उद्देश्वय खप्तडछान्ना गाँउपालिकाका ७ वटै वडाको संयुत्त लगानीमा खरिद गरेको जे सि वि लाई छान्नाको आवश्यकता कमोजिमका सडकहरुको निर्माण कार्यमा ब्यवस्थित तवरले उपयोग गर्दै यसको आवश्यक मर्मत संभार तथा दिगोपनलाई समेत सिनश्चित हुनेगरी संचालन ल्याउने ब्यवस्था गर्नु रहेको छ ।

**४. सडक योजनाको छनौट र प्राथमिकता –** (१) जेसिविको उपयोगको लागी सडक छनौट गर्दा गाँउपालिकाको सडक विकास सम्वन्धी आवश्यक हेरी गाँउकार्यपालिकाको बैठकबाट निर्णय गरी छनौट गरिने छ ।

(२) उप विनियम (१) बमोजिम छनौट गर्दा छान्ना गुरुयोजनाले सडकहरु मध्येबाट प्रथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ । गुरुयोजना निमाण नगरेका सडकहरुमा सकेसम्म जेसिवि संचालन गरिने छैन ।

५.  **संचालक समितिः**(१) जेसिविको ब्यवस्थित उपयोग,संचालन,खटनपटन र ब्यवस्थापनका लागी गाँउपालिका अध्यक्षको संयोजत्वमा एक छुट्टै जेसिवि संचालक समितिको गठन गरिने छ ।

(२) उप विनियम (१) बमोजिम गठन हुने डोजर संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

(क) गाँउकार्यपालिका उपाध्याक्ष - सदस्य

(ख) गाँउकार्यपालिका सदस्य मध्येबाट अध्यक्षले तोकेका २ जना - सदस्य

(ग) स्टोर वा प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(३) उप विनियम (२) को खण्ड (क) बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्वय तया २ वर्षको हुनेछ । गाँउकार्यपालिका ले महसुस गरेमा ती सदस्यको कार्यकाल थप गर्न सकिने छ ।

(४) समितिको कुनै सदस्यले जेसिविको प्रभावकारी संचालन र ब्यवस्थापनमा बाधा पुग्ने गरी वा गाँउपालिकाको हित विपरित हुने गरी काम गरेको पाइएमा गाँउपालिका बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) संचालक समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारीहरुले जेसिवि संचालन कोषको रकम मध्येबाट प्रति बैठक रु ५००। का दरले मासिक बढीमा २ वटा सम्म बैठकका लाग भत्ता लिन पाउने छन् । तर , जेसिवि संचालन कोषमा रकम नभएको अबस्थामा यस्तो भत्ता लिन पाइने छैन ।

(६) गाउँपालिका अध्यक्षले जेसिवि संचालनका लागि जे.सि.वि संचालक समितिको कुनै सदस्य लाई अधिकार प्रत्यायोजन गरि काम गराउन सक्ने छ ।

६.  **समितिको काम कर्तब्य र अधिकार :** (१) जेसिवि संचालक समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुने छ।

(क) जेसिवि संचालन भएको अबधि एकिन गरी सो को अभिलेख अधेयावधिक गरी राख्ने ।

(ख) निर्णय नभएका सडकहरुमा जेसिवि उपयोग भएको अबस्थामा तत्काल जेसिवि फिर्ता गर्न लगाउने ।

(ग) तत्काल फिर्ता गर्न अटेर गरेको अबस्थामा प्रहरी प्रशासनको सहयोग लिई जेसिवि फिर्ता गराउने ।

(घ) उपभोत्ता समिति र कुनै ब्यत्तिले जेसिवि भाडामा लिई संचालन गरेको अबस्थामा भाडा बाफतको रकम असुल गरी कोषमा जम्मा गराउने ।

(ङ) जेसिवि मर्मत गर्नु पर्ने भनी अपरेटरले दिएको निवेदन उपर आवश्यक छानविन गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

## परिच्छेद तिन – कर्मचारी सम्वन्धी ब्यवस्था ।

७.  **कर्मचारीको नियुक्ति :**(१) जेसिवि संचालनका लागी एक जना अपरेटर (सहायकस्तर चौथौ तह वा सो सरह) गरी दुई जना कर्मचारी करार सेवामा भर्ना गरिने छ । जेसिवि अपरेटर तथा हेल्पर पदमा स्थायी नियुक्ति गरिने छैन ।

(२) उपनियम (१) बमोजिम कर्मचारी भर्नाका लागी आवश्यक शैक्षिक योग्यता,अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्वन्धी सवै कार्य खप्तडछान्ना गाँउपालिकाको प्रचलित कानुनको रीत पुयाई गर्ने छ ।

८.  **पारिश्रमिक तथा सेवाका शर्तहरु :**(१) जेसिवि अपरेटर तथा हेल्परले त्रमश सहायकस्थर चौथौ तह र सहायक स्थर प्रथम तहको स्थानिय कर्मचारीले पाए सरहको तलव पाउने छ ।

(२) जेसिवि अपरेटरले उप विनियम (१)बमोजिम पाउने तलव भाडामा जेसिवि संचालन भएको अबधिमा प्रति घण्टा रु २००। दरले भत्ता पानेछ ।

**९.आचरण :** (१) जेसिवि अपरेटर तथा हेल्परले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ ।
(क) जेसिविको उचित तरिकाले संचालन,रेखदेख र संरक्षण गर्ने,
(ख) जेसिवि संचालन भएको अवधी र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने,
(ग) जेसिवि संचालन गर्ने निर्णय भएका सडक बाहेक अन्यत्र डोजर उपयोग नगर्ने,
(घ) जेसिविको नियमित सरसफाइ,लुविकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागी समुचित ध्यान दिने ।
(ङ) जेसिवि संचालनको त्रममा हुने सक्ने संभावित दुर्धटना तथा क्षति उपर सावधानी विषयमा खप्तडछान्ना गाँउपालिकाको आथिक प्रशासन शाखामा समयमै जानकारी गराउने ।
(च) जेसिविको दुर्धटना बीमा गराउने विषय तथा प्रिमियम बुझाए नबुझाएको विषायमा खप्तडछान्ना गाँउपालिकाको आर्थिक प्रशासन शाखामा जानकारी गराउने ।
(छ) जेसिवि संचालन सम्वन्धमा संचालन समिति र प्रमुख प्रशासकीय अधिकृत दिएका निर्देशनहरुको पालना गर्ने ।
**१०. अवकाश दिन सकिने :** (१) आफ्नो पदको जिम्मेबारी राम्ररी पुरा नगरेको अवस्थामा जेसिवि अपरेटर तथा हेल्परलाइ प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट जुनसुकै बखत पदबाट हटाउन सकिने छ ।

## परिच्छेद चार – कर्मचारी सम्वन्धी ब्यवस्था ।

**११. सेवा शुल्क तथा इन्धनको ब्यवस्था :**(१) उपभोक्ता समिति तथा अन्य कुनै समुह,ब्यत्रिहरुले जेसिवि भाडामा प्रयोग गर्ने गरी संचालक समितिबाट निर्णय भएको अबस्थामा देहायबमोजिमको शेवा शुल्क लाग्ने छ ।
(क) जेसिवि संचालन गरे बाफत प्रति घण्टा गाँउकार्यपालिकाको निर्णय बमोजिम हुने छ ।
(२) गाँउपालिकाले अमानतमा जेसिवि प्रयोग गरी सकड निमार्ण गर्ने अबस्थामा अपरेटर तथा हेल्परको तलव भत्ता,आवश्यक इन्धन को ब्यवस्था सम्वधीत योजनाको बजेटबाट ब्यवस्था गरिने छ ।
**१२. जेसिवि संचालन कोष :** (१)जेसिवि को नियमित मर्मत संभार तथा कर्मचारीहरको तलव भत्ताको ब्यवस्था गरी जेसिविको नियमित संचालनलाई सुनिश्चित गर्न छुट्टै एक जेसिवि संचालन कोष खडा गरिने छ ।
(२) उप विनियम (१)बमोजिम खडा गरिने जेसिवि संचालन कोषमा देहायबमोजिमको रकम समेत जम्मा गरिने छ ।
(क) गाँउपालिका तथा उपभोक्ता समितिबाट प्राप्त शेवाशुल्क बापतको रकम,
(ख) भाडामा प्रयोग गर्न दिएको अबस्थामा भाडा बाफत प्राप्त रकम,
(ग) गाँउपालिका र नेपाल सरकार बाट जेसिवि संचालनका लागि प्राप्त रकम ,
(घ) विभिन्न निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम,
(ङ) जेसिवि संचालन कोष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र अर्थिक प्रशासन शाखा प्रमुखको संयुत्त दस्तखत बाट संचालन गरिनेछ ।
(च) जेसिवि संचालन कोषमा जम्मा भएको रकम जेसिविको नियमित मर्मत संभार,कर्मचारीहरुको तलव,भत्ता तथा संचालन समितिको बैठक भत्ताका लागि खर्च गरिने छ ।
**१३. कोषको संचालन र उपयोग :** यस गाउँपालिकाको स्वामित्वमा रहेको जेसिवी संचालन गरि काममा लगाउदा देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्ने छ ।

(क)  जे.सी.वी. प्रयोगको लागि माग गर्ने ब्यक्ति / संस्था संचालन गर्ने घण्टा अनुमानित शुल्क, लैजाने स्थान,जेसिवी लैजानु अघि सो वाफतको नगद रकम वा रसिद गाउँपालिकामा पेश गर्नु पर्ने छ । कार्यालय बाट कार्यदेश भए पछि मात्र मेसिन लैजानु पर्ने छ ।

(ख)  जेसिवी मर्मत गर्नु पर्दा अनिवार्य रुपमा मर्मत आदेश लिई काम गर्नु पर्ने छ ।

(ग) कोही कसैले माग निवेदन विना मौखिक आदेश वा प्रकिया नपुर्याइ जेसिवी संचालन गर्न वा गराउन पाइने छैन ।

## परिच्छेद पाँच  –  विबिध ।

**१४. लेखा र लेखा परिक्षण   :**(१) जेसिवि संचालन कोषको अम्दानी र खर्च आर्थिक तथा प्रशासन नियमावली २०६४ अनुरुप राखिनेछ ।

(२)  जेसिवि संचालन कोषको आम्दानी र खर्चको हिसाव महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षण डोरबाट सालबसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

**१५. विवादको समाधान   :**(१) जेसिवि संचालन गरी सडक निमार्ण गर्ने सम्दर्भमा कुनै विवाद उत्पन्न भएमा जेसिवि संचालक समितिले सम्वन्धित पक्षहरुसग छलफल गरी समाधान गर्नेछ ।

(२) जेसिवि संचालक समितिले समाधान गर्न नसकेका विबादहरु गाँउकार्यपालिकाको बैठकबाट समाधान गरिनेछ ।

**१६. भाडामा दिन सकिने   :**(१) गाँउपालिका वा उपभोक्ता समिति मार्फत जेसिवि संचालन गरी सडक निमार्ण गर्ने अबस्था नभएमा वा निजि क्षेत्र वा ठेकेदारलाई भाडामा लिई जेसिवि संचालन गर्न दिन उपयुक्त देखिए जेसिवि संचालक समितिले सिफारिस गरेको अबस्थामा गाँउकार्यपालिकाको बैठकले निर्णय गरी जेसिवि भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

(२) उप विनियम (१)बमोजिम जेसिवि भाडामा दिदा प्रतिघण्टा भाडा दर तथा अन्य शर्तहरु गाँउकार्यपालिकाले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१७. कार्यविधिमा संशोधन   :** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाँउ सभाको निर्णय बमोजिम थपघट वा संशोघन गर्न सकिनेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने    :**यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र लेखिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसुची १ : जेसिवि संचालन अभिलेख**

**खप्तडछान्ना गाँउपालिका**

**गाँउकार्यपालपकाको कार्यालय**

**छान्ना बझाङ्ग**

| मिति | संचालन भएको समय | | जम्मा संचालन घण्टा | योजनाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| | ....बजे देखि | .......बजे सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रेकर्ड राख्ने　　　　　　रुजु गर्ने　　　　　　प्रमाणित गर्ने　　　　　　स्वीकृत गर्ने

**अनुसुची २: जेसिवि मर्मत संभार सम्वन्धी अभिलेख**

**खप्तडछान्ना गाँउपालिका**

**गाँउकार्यपालपकाको कार्यालय**

**छान्na बझाङ्ग**

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत गर्ने कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्ट्स | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेकर्ड राख्ने          प्रमाणित गर्ने          स्वीकृत गर्ने